# बेलौरी राजपत्र

बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या १ मिति २०८३ जेठ २०

# भाग २

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

## विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या ८ मा स्थानीय तहको अधिकारमध्ये आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्था रहेको



साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ज) को उपखण्ड १०, ११ र १२ मा क्रमशः विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण, सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान र विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने काम कर्तव्य र अधिकार स्थानीय तहमा रहेको सन्दर्भमा सो उद्देश्य पूरा गर्न यस नगरपालिकामा सञ्चालित केही विद्यालयहरूमा न्यून तथा राहत अनुदान शिक्षक दरबन्दी भएको अवस्थामा सबैले शिक्षा प्राप्त गर्ने मौलिक हक सम्बन्धी संवैधानिक व्यवस्थालाई समेत पूरा गर्न र सबैलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु नगरपालिकाको दायित्वभित्र पर्ने विषयलाई मध्यनजर गर्दै नियमानुसार तोकिएको शिक्षक दरबन्दी नभएका विद्यालयहरूलाई न्यूनतम १ जना स्थायी शिक्षकको व्यवस्थापन गर्न र सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुऱ्याउन यो कार्यविधि बनाइ लागू गर्न आवश्यक रहेकोले जारी गरिएको छ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ हुनेछ।

१.२ यो कार्यविधि नगरपालिकाले राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

१.३ विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

ख. "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्दछ।

ग. "कार्यविधि" भन्नाले विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनु पर्दछ।

घ. "कार्यपालिका" भन्नाले बेलौरी नगरकार्यपालिका सम्झनु पर्दछ।

ङ. "नगरपालिका" भन्नाले बेलौरी नगरपालिका सम्झनु पर्दछ।

च. "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्दछ।

छ. "शिक्षक" भन्नाले आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकलाई जनाउने छ। आधारभूत अन्तर्गत साविक प्राथमिक र निम्न माध्यमिक तथा माध्यमिक अन्तर्गत माध्यमिक र साविक उच्च माध्यमिक पर्दछन्।

ज. "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा शिक्षक बाहेकका अन्य कर्मचारीलाई जनाउने छ।

झ. "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

ञ. "दरबन्दी" भन्नाले राहतलाई समेत जनाउने छ।





ट. "शिक्षण सहयोग अनुदान" भन्नाले सङ्घीय सरकारबाट प्राप्त शिक्षक व्यवस्थापनका लागि दिइने अनुदान सम्झनु पर्दछ।

ठ. "शिक्षण सिकाइ अनुदान" भन्नाले शिक्षक व्यवस्थापनका लागि नगरपालिकाबाट विद्यालयलाई दिइने अनुदान सम्झनु पर्दछ।

ड. "सहजकर्ता" भन्नाले बालविकास शिक्षकलाई सम्झनु पर्दछ।

२. उद्देश्य

क. नगरपालिका अन्तर्गत शिक्षक विद्यार्थी अनुपात र विषयगत शिक्षक दरबन्दी मिलान गरी न्यून दरबन्दी भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापनको लागि शिक्षण सिकाइ अनुदानको व्यवस्थापनबाट सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु।

ख. सामुदायिक विद्यालयहरूमा योग्य र सक्षम विद्यालय प्रशासन नेतृत्व व्यवस्थापन गरी विद्यालय सञ्चालन र व्यवस्थापनमा सुधार गर्नु।

ग. विद्यालय नक्साङ्कनको आधारमा विद्यालयहरूलाई समायोजन (मर्ज, डाउनसाइजिङ) गर्नु।

## परिच्छेद-२
## विद्यालयमा रहने न्यूनतम शिक्षक दरबन्दी

३. आधारभूत तह कक्षा १-५ सम्म

क. कक्षा १-३ मा न्यूनतम ३० विद्यार्थीमा २ दरबन्दी र सो भन्दा बढी भएमा ३ दरबन्दी कायम हुने।

ख. कक्षा १-५ मा न्यूनतम ५ दरबन्दी र २५० विद्यार्थी भन्दा माथि ५० जना विद्यार्थीमा १ जनाका दरले दरबन्दी थप गर्ने।

ग. खण्ड क र ख अनुसार दरबन्दी वितरण गरेपछि बाँकी रहेका दरबन्दीलाई नगरपालिकाको पुलमा राखे र कक्षा ६-८ मा न्यून दरबन्दी भएका सोही विद्यालय वा अन्य विद्यालयहरूमा ६-८ कै दरबन्दीमा गणना हुने गरी कामकाज गर्न खटाउने।

घ. खण्ड ग अनुसार कक्षा ६-८ मा कामकाजमा खटाइने प्राथमिक तहको शिक्षक सम्बन्धित तहको प्राज्ञिक योग्यता पुगेको हुनु पर्नेछ।

ङ. खण्ड ग अनुसार कक्षा ६-८ मा दरबन्दी वितरण गरेपछि बाँकी रहेका दरबन्दीलाई नगरपालिकाको पुलबाट कक्षा ९-१० मा न्यून दरबन्दी भएका सोही विद्यालय वा अन्य विद्यालयहरूमा ९-१० कै दरबन्दीमा गणना हुने गरी कामकाज गर्न खटाउने।

च. खण्ड ङ अनुसार कक्षा ९-१० मा कामकाजमा खटाइने प्राथमिक तहको शिक्षक सम्बन्धित तहको प्राज्ञिक योग्यता पुगेको हुनु पर्नेछ।



खण्ड १०, संख्या १ बेलौरी राजपत्र, भाग २ मिति २०८३।०२।२०

छ. दरबन्दी मिलानको सिलसिलामा दरबन्दी काटिने विद्यालयबाट शिक्षकलाई सरुवा वा पुलमा राख्दा कनिष्ठता तथा औचित्य र आवश्यकताका आधारमा गरिने छ।

४. आधारभूत तह कक्षा ६-८ सम्म

क. आधारभूत तह कक्षा ६-८ मा विषयगत रूपमा न्यूनतम ४ दरबन्दी र कक्षाको वर्ग भएमा प्रति वर्ग १ जनाका दरले दरबन्दी थप हुने। एउटा कक्षामा ६० विद्यार्थी सम्ममा एउटा वर्ग र सो भन्दा बढी विद्यार्थी भएमा थप वर्गको व्यवस्था गर्न सकिने छ।

ख. खण्ड क को आधारमा विषयगत न्यून दरबन्दी कायम भएता पनि हाल नगरपालिका भित्र विद्यमान शिक्षक संख्या (अनुदान कोटा समेत)को आधारमा विद्यालयको ज्येष्ठता र विद्यार्थी संख्यालाई आधार बनाएर दरबन्दी वितरण गरिने छ।

ग. एउटा विद्यालयमा एउटै विषयका १ भन्दा बढी शिक्षक भएमा आवश्यकता र औचित्यको आधारमा अन्य विद्यालयमा विषयगत मिलान गर्ने र सो मिलान गर्दा जुनसुकै किसिमको शिक्षकलाई सरुवा गर्न सकिनेछ।

५. माध्यमिक तह कक्षा ९-१० सम्म

क. माध्यमिक तह कक्षा ९-१० मा विषयगत रूपमा न्यूनतम ५ दरबन्दी र कक्षाको वर्ग

भएमा प्रति वर्ग १ जनाका दरले दरबन्दी थप हुने। एउटा कक्षामा ६० विद्यार्थी सम्ममा एउटा वर्ग र सो भन्दा बढी विद्यार्थी भएमा थप वर्गको व्यवस्था गर्न सकिने छ।

**ख.** खण्ड क को आधारमा विषयगत न्यून दरबन्दी कायम भएता पनि हाल नगरपालिकाभित्र विद्यमान शिक्षक संख्या (अनुदान कोटा समेत)को आधारमा विद्यालयको ज्येष्ठता र विद्यार्थी संख्यालाई आधार बनाएर दरबन्दी वितरण गरिने छ।

**ग.** एउटा विद्यालयमा एउटै विषयका १ भन्दा बढी शिक्षक भएमा आवश्यकता र औचित्यको आधारमा अन्य विद्यालयमा विषयगत मिलान गरिनेछ र सो मिलान गर्दा जुनसुकै किसिमको शिक्षकलाई सरुवा गर्न सकिनेछ।

**घ.** विषयगत मिलान गर्दा कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरूमा विषयगत शिक्षकको आवश्यकता र उक्त तहमा विद्यमान विषयगत शिक्षकहरूलाई समेत आधार लिनु पर्नेछ।

### ६. तहगत स्थायी शिक्षकको व्यवस्थापन

**क.** नगरपालिकामा विद्यमान उपलब्ध स्थायी शिक्षक दरबन्दीको आधारमा प्रत्येक विद्यालयमा सम्बन्धित तहको न्यूनतम एउटा स्थायी शिक्षकको व्यवस्थापन नगर कार्यपालिकाको निर्णयबाट गरिनेछ।

**ख.** खण्ड "क" अनुसार स्थायी शिक्षक व्यवस्थापन गर्दा हाल माध्यमिक तहका निमित्त प्रधानाध्यापक भइ कामकाज गरिरहेका





र अन्य स्थायी माध्यमिक शिक्षकहरूलाई पनि अन्य विद्यालयमा पठाइने छ। निम्न माध्यमिक विद्यालयमा स्थायी शिक्षकलाई आधारभूत तह कक्षा १-८ का विद्यालयमा स्थायी शिक्षक व्यवस्थापनको लागि अन्य विद्यालयमा पठाइनेछ। स्थायी शिक्षक नभएका कक्षा १-५ का विद्यालयहरूमा स्थायी शिक्षक व्यवस्थापन गर्न हाल प्राथमिक तहमा कार्यरत इच्छुक स्थायी शिक्षकहरूमध्येबाट व्यवस्थापन गरिनेछ र यसरी व्यवस्थापन गर्दा हालका निमित्त प्रधानाध्यापकहरूलाई पनि अन्य विद्यालयमा पठाइनेछ।

**ग.** राहत शिक्षक मात्रै भएको विद्यालयमा सोही तह र विषयको स्थायी शिक्षकलाई अन्य विद्यालयबाट कामकाजको लागि राहत शिक्षकसँग सरुवा गरिनेछ।

**घ.** खण्ड "ख" अनुसार स्थायी शिक्षक व्यवस्थापन गर्दा स्थायी शिक्षकलाई स्थायी शिक्षक नभएको अन्य विद्यालयमा पठाउँदा उक्त विद्यालयको रिक्त दरबन्दीमा स्थायी शिक्षक पठाइएको विद्यालयबाट वा अन्य विद्यालयबाट सम्बन्धित तह र विषयको स्थायी वा करार वा राहत कोटामा कार्यरत शिक्षकलाई स्थायी शिक्षकको सट्टामा पठाइने छ। स्थायी शिक्षकको ठाउँमा स्थायी वा राहतको सम्बन्धित तह र विषयको शिक्षक उपलब्ध हुन नसकेमा उक्त विद्यालयमा सम्बन्धित विषयको शिक्षक नियुक्तिका

लागि नगरपालिकाको अनुदानमा शिक्षक अनुदान कोटा प्रदान गरिनेछ।

७. बालविकास केन्द्र र सहजकर्ता व्यवस्थापन

क. न्यूनतम १५ जना शिशु भएका केन्द्रमा १ जना सहजकर्ता र सोही संख्याको ५० प्रतिशत भन्दा बढी शिशु भएमा थप १ जनाका दरले सहजकर्ता व्यवस्थापन गरिने छ।

ख. शिशु अनुपातमा बढी भएका सहजकर्तालाई आवश्यक भएका विद्यालय/बालविकास केन्द्रहरूमा सरुवा गरिनेछ र यसरी मिलाएर बढी हुन आउने सहजकर्तालाई नगरको पुलमा राखी नगर कार्यपालिकाले सोही विद्यालय वा अन्य विद्यालय/ बालविकास केन्द्रमा कामकाजका लागि खटाउन सकिनेछ।

८. सम्बन्धित तहको स्थायी शिक्षक पठाउने पद्धति

क. सबै विद्यालयमा स्थायी शिक्षक पठाउने सन्दर्भमा सम्बन्धित शिक्षकहरूलाई अनुसूचीमा उल्लेखित विवरण सहित विद्यालय रोज्न निवेदन दिन लगाइने छ। उक्त विवरणको आधारमा शिक्षकको ज्येष्ठता यकिन गरी शिक्षकले रोजेको प्राथमिकताक्रम अनुसार विद्यालयमा पठाइने छ।

ख. पाँच वर्ष एकै विद्यालयमा कामकाज गरेका शिक्षकहरूलाई सरुवा गर्दा सम्बन्धित सबै शिक्षकहरूलाई खण्ड "क" मा उल्लेखित





प्रक्रिया अनुसार विद्यालय छनौट गर्न लगाइ प्राथमिकताक्रम अनुसार अर्को विद्यालयमा पठाइने छ।

९. विद्यालय समायोजन तथा स्तर निर्धारण (मर्ज तथा डाउनसाइजिङ्)

क. विद्यालयहरूको एक आपसको दूरी, विद्यार्थी आवतजावत गर्ने बाटो र विद्यार्थी संख्याको आधारमा कार्यपालिकाले एक विद्यालयलाई अर्कोमा समायोजन तथा तह वा कक्षा घटाउन सक्नेछ।

ख. प्राथमिक तह कक्षा १-५ को विद्यालयका लागि अर्को विद्यालयको दूरी ३ किलोमिटरसम्म भएता पनि विद्यार्थी संख्या न्यून भएमा नक्साङ्कनको आधारमा आवश्यकता र औचित्यलाई दृष्टिगत गरी एउटा विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिनेछ।

ग. कक्षा १-८ र १-१० का विद्यालयहरूको एक आपसको दूरी न्यून भएका र विद्यार्थी संख्या पनि न्यून भएमा नक्साङ्कनको आधारमा एउटा विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिने छ।

घ. एक आपसी दूरी कम भएका र विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूलाई आवश्यकता र औचित्यको आधारमा विद्यालयहरूलाई कक्षा १-१०, १-८, १-५, १-३ सम्म हुने गरी कार्यपालिकाले तह वा कक्षा घटाउन सक्नेछ।

**ङ.** खण्ड "क" र "ख" अनुसार समायोजन तथा कक्षा/तह घटाउँदा समायोजित वा तह घटेका विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई नगरपालिकाको पुलमा राखी आवश्यकतानुसार सोही विद्यालय वा अन्य विद्यालयमा समायोजन तथा सरुवा गरिने छ।

**च.** समायोजन भएर जाने विद्यालयको भौतिक तथा अन्य सम्पत्तिको व्यवस्थापन कार्यपालिकाको निर्णयानुसार गरिने छ।

**छ.** खण्ड "ख" र "ग" अनुसार समायोजन हुने विद्यालयलाई प्रोत्साहन स्वरूप कार्यपालिकाको निर्णय अनुसार अनुदान दिइने छ।

## परिच्छेद-३

**१०. शिक्षण सिकाइ अनुदान**

**क.** आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा १-१० सञ्चालित विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षक व्यवस्थापन गर्दा जुन विद्यालयमा स्थायी शिक्षक जाने हो सो विद्यालयबाट स्थायी वा राहत शिक्षक पठाउन नसकिएको अवस्थामा नगरपालिकाबाट सम्बन्धित विद्यालयलाई अर्को व्यवस्था नभएसम्मका लागि शिक्षण सिकाइ अनुदानको व्यवस्था गरिनेछ। सोका आधारमा विद्यालयले विषयगत रूपमा नगर





कार्यपालिकाको अनुमति लिई शिक्षा नियमावलीको नियम ९६(क) मा भएको व्यवस्थाबमोजिम पदपूर्ति गर्नु पर्नेछ।

**ख.** खण्ड "क" बमोजिमको कोटामा नियमानुसार खुला विज्ञापन गर्दा (नि.मा.वि. र मा.वि. तहको गणित र विज्ञान विषयको हकमा मात्र सुरूमा १५ दिने र पछि ७ दिने सार्वजनिक सूचना प्रकाशनमा समेत) अध्यापन अनुमतिप्राप्त व्यक्तिबाट निवेदन नपरेमा अध्यापन अनुमति प्राप्त नगरेको तर तोकिएको शैक्षिक योग्यता पुगेका व्यक्तिबाट निवेदन लिई नियमानुसार शिक्षक छनौट गरिनेछ।

**ग.** नगरपालिकाबाट उपलब्ध भएको अनुदान कोटामा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४ उपनियम ३ ले गरेको व्यवस्थाबमोजिम आयोगले प्रकाशन गरेको सम्बन्धित तहको शिक्षक पदको करार सूचीमा रहेका व्यक्तिहरूलाई सोही नियमावलीमा भएको व्यवस्था बमोजिम शिक्षक छनौट गर्न बाधापर्ने छैन।

**घ.** यसरी शिक्षण अनुदान कोटामा नियुक्त हुने शिक्षकलाई प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको सिफारिसमा अर्को व्यवस्था नभएसम्मका लागि प्रत्येक वर्ष सेवा करार सम्झौता गरी नवीकरण गर्नेछ।

**ङ.** शिक्षण सिकाइ अनुदानमा शिक्षक व्यवस्थापन गर्दा २ वर्ष समयावधिदेखि अविच्छिन्न रूपमा पढाइरहेका निजी स्रोतका

शिक्षकलाई पदपूर्तिको विज्ञापनमा उमेरको हद लाग्ने छैन। सोको लागि निजलाई नियमानुसार दिइएको नियुक्ति, विद्यालय व्यवस्थापन समितिको निर्णय समेत पेश गर्नु पर्नेछ।

**च.** शिक्षण सिकाइ अनुदानमा नियुक्त हुने शिक्षकलाई नगरपालिकाबाट दिइने अनुदान तपसिलको हुनेछ।

१. माध्यमिक तहको शिक्षकका लागि १३ महिनाको रू. ३१०००।- का दरले हुने रकम

२. निम्न माध्यमिक तहको शिक्षकका लागि १३ महिनाको रू. २८०००।- का दरले हुने रकम

**छ.** नगर कार्यपालिकाले समय समयमा अनुदान रकम वृद्धि गर्न सक्नेछ।

## परिच्छेद-४
## विविध

**११. शिक्षकको सरुवा**

**क.** यो कार्यविधि लागू भएको दिनसम्म एउटै विद्यालयमा ५ वर्ष काम गरेका शिक्षकलाई अर्को विद्यालयमा सरुवा गरिनेछ।

**ख.** खण्ड "क" अनुसार शिक्षक सरुवा शैक्षिक सत्रको अन्त वा प्रारम्भमा गरिनेछ।

**ग.** यो कार्यविधि लागू हुँदाका बखत एउटै विद्यालयमा ५ वर्ष पुगिसकेकालाई कार्यविधि अनुसार सरुवा गर्न बाधा पुग्ने छैन।





**घ.** विद्यालय सञ्चालन र व्यवस्थापनमा प्रतिकूल वातावरण सिर्जना गर्ने, पठनपाठनमा अवरोध तथा समस्या सिर्जना गर्ने, कार्य सम्पादन मूल्याङ्कनमा न्यूनस्तर भएका र प्रचलित कानून बमोजिम कामकाज नगर्ने प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई नियमानुसार कारबाहीका साथै कार्यपालिकाको निर्णयबाट नगर भित्रका जुनसुकै विद्यालयमा कुनै पनि समयमा सरुवा गर्न सकिनेछ र यदि त्यस्तो शिक्षक अनुदानमा कार्यरत भएमा प्रधानाध्यापकलाई तत्काल करार सम्झौता रद्द गर्न नगरपालिकाले निर्देशन दिनेछ। तर यसरी सरुवा वा करार सम्झौता रद्द गर्न निर्देशन दिनु पूर्व सम्बन्धित शिक्षकलाई सफाइको अवसर दिइनेछ।

**ङ.** दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन र पाँच वर्ष एकै विद्यालयमा काम गरेका शिक्षकहरूलाई सरुवाको क्रममा नगरपालिकाको निर्णय कार्यान्वयन गर्नु सबैको कर्तव्य हुनेछ। कुनै शिक्षक कर्मचारीबाट उक्त निर्णय कार्यान्वयनमा अवज्ञा भए गरेमा नियमानुसार कारबाही गरिनेछ।

**च.** विद्यालयको रिक्त भएको दरबन्दीमा शिक्षक सेवा आयोगबाट सिफारिस भए बाहेक विद्यालयले करारमा नयाँ नियुक्त गर्दा वा अन्य विद्यालयबाट शिक्षक सरुवाको सहमतिका लागि यस कार्यालयको पूर्व स्वीकृति अनिवार्य हुनेछ।

१२. प्रधानाध्यापक व्यवस्थापन

क. प्रत्येक विद्यालयमा प्रधानाध्यापकको व्यवस्थापन नियमावलीको परिच्छेद १७ को नियम ९३ अनुसार गर्न सबै विद्यालयहरूमा योग्यता प्राप्त शिक्षकको व्यवस्थापन गरिनेछ।

ख. खण्ड क अनुसार नियुक्त प्रधानाध्यापकले आफ्नो ५ वर्षे कार्यकालमा विद्यालयबाट अन्यत्र सरुवा भइ जान चाहेमा कार्यालय सहमति दिन बाध्य हुने छैन।

१३. विद्यालयको शिक्षक दरबन्दी सम्बन्धमा

सबै तहमा विद्यार्थी संख्या र विषयगत शिक्षक दरबन्दी मिलान गरी शिक्षक दरबन्दी भएको विद्यालयबाट शिक्षकलाई दरबन्दी नभएको र राहत तथा अन्य किसिमका शिक्षकसँग सरुवा व्यवस्थापन गरिए पनि नगरपालिकाको शिक्षा ऐन तर्जुमा भई लागू नहुँदासम्म हाल विद्यालयमा रहेका शिक्षक दरबन्दीहरू यथावत रहनेछन्।

१४. कार्यविधिको व्याख्या गर्न सक्ने

कार्यविधिमा उल्लेख भएका व्यवस्थाले काम कारबाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानूनको प्रतिकूल नहुने गरी व्याख्या गर्ने अधिकार कार्यपालिकामा हुनेछ।

१५. प्रचलित कानून अनुसार हुने





यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै कार्यविधि बमोजिम हुनेछन् र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

१६. बाझिएमा अमान्य हुने

यो कार्यविधि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून नै मान्य हुनेछ।

बेलौरी नगरपालिका

## परिशिष्ट-१
## तहगत स्थायी शिक्षक व्यवस्थापन प्रयोजनका निम्ति सम्बन्धित शिक्षकले विद्यालय रोज्न भर्ने आवेदनको ढाँचा

मितिः ..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
बेलौरी नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर।

**विषयः शिक्षक व्यवस्थापनका लागि विद्यालय रोज्ने आवेदन पेश गरेको बारे।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको तहगत स्थायी शिक्षक व्यवस्थापनका लागि विद्यालय रोज्न आवेदन पेश गर्ने बारेको मिति ....................... को प्रकाशित सूचना बमोजिम निम्न कागजात संलग्न राखी आवेदन पेश गरेको छु। नियमानुसार गरिदिन हुन अनुरोध छ।

शिक्षकको नामः
तहः
श्रेणीः
सिटरोल नं.:
विषयः (साविक नि.मा. र मा.तहको हकमा मात्र)
स्थायी नियुक्ति मितिः
जन्म मितिः
बढुवा नियुक्ति मिति (भएमा मात्र):
शैक्षिक योग्यताः
एस.एल.सी उत्तीर्ण सालः श्रेणीः
प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण सालः श्रेणीः





स्नातक उत्तीर्ण सालः श्रेणीः (दोहोरो विषय र संकाय भए सो समेत उल्लेख गर्ने)
स्नातकोत्तर उत्तीर्ण सालः श्रेणीः (दोहोरो विषय र संकाय भए सो समेत उल्लेख गर्ने)
एम.फिल उत्तीर्ण सालः श्रेणीः (दोहोरो विषय र संकाय भए सो समेत उल्लेख गर्ने)
तालिम (लिएको भए मात्र)ः टिपीडी तालिम पूरा गरेको सालः श्रेणीः
प्र.अ. तालिम पूरा गरेको सालः
आई.सि.टी तालिम पूरा गरेको सालः
सम्पर्क नं.:
विद्यालयको प्राथमिकताक्रम

| क्र.सं | विद्यालयको नाम, ठेगाना | प्राथमिकताक्रम अंकमा | प्राथमिकताक्रम अक्षरमा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

<u>संलग्न कागजातहरू:</u>
१. स्थायी नियुक्ति पत्रको स्वयम् प्रमाणित प्रतिलिपि
२. बढुवा नियुक्ति पत्रको स्वयम् प्रमाणित प्रतिलिपि
३. शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि
४. तालिम प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि
५. अन्य सान्दर्भिक प्रमाणपत्र भए सो को स्वयम् प्रमाणित प्रतिलिपि

निवेदकको हस्ताक्षर

**आज्ञाले**
**खेमराज जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**